# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## सुदूरपश्चिमम प्रदेश, नेपाल

प.स. : ०८०/०८१

च.न. :

**विषय : सरसफाई शुल्क संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित मिति: २०८०।१२।..६**

**ठेक्का न. R3/DSMC**

यस उपमहानगरपालिका क्षेत्र भित्र देश बाहिरबाट भित्रिने ब्यापारिक प्रयोजनका तरकारी,फलफुल, माछा, खसी, बोका, रांगा, भैसी, बंगुर, सुंगुर र कोईला र गट्टु धनगढी उपमहानरपालिका भित्र खपत हुने बस्तुमा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२ बमोजिम स्थानीय बजारमा फोहर हुने र सरसफाई गर्ने प्रयोजनका लागि सेवा शुल्क संकलन गर्न सक्ने प्रावधान अनुसार आगामी आ.व. २०८१।२०८२ का लागि यस उप महानगरपालिका बाट तोकिएको दररेट बमोजिम कर संकलन गर्न चाहने ईच्छुक फर्म वा कम्पनीको जानकारीको लागि यो ३० दिने बिद्युतीय बोलपत्र आहवानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलका शर्तहरु

१. बढाबढका लागि न्यूनतम ठेक्का अंक रु.७०,७९,५५८। (अक्षरूपी सत्तरी लाख उनासी हजार पांच सय अन्ठाउन्न मात्र मुल्य अभिवृद्धि कर र अन्य कर बाहेक) कायम गरिएको छ ।

२. ठेक्काको अवधि ठेक्का स्वीकृत भै सम्झौता भएको मितिले २०८२ साल असार मसान्त सम्म कायम रहने छ ।

३. तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गई कर संकलन गर्न गराउन पाईने छैन, तोकिएको सिमाभन्दा बाहिर गई कर असुली गरेको जानकारी प्राप्त हुन आएमा वा प्रमाण फेला परेमा यस कार्यालयले जुनसुकै वेला ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।

४. बिद्युतिय बोलपत्र दाखिला गर्न ईच्छुक फर्म वा कम्पनीहरूले बोलपत्र खरिद वापतको रकम रा.बा.बैंक धनगढी शाखामा यस कार्यालयको नाममा रहेको आन्तरिक राजश्व खाता न. ४१७०१००३०१०१०००२ मा नगद रु. ३०००। (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर समेत संलग्न गरी पेश गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिमम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.न. :

५. बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२ बजे भित्र पेश गरिसक्नु पर्नेछ । र सोही दिन दिउंसो २:०० बजे बोलपत्र खोलिने हुंदा सो समयमा बोलपत्रदाता वा निजको तोकेको प्रतिनिधि उपस्थित हुनु पर्नेछ, बोलपदाता वा निजले तोकेको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुनेछ ।

७. बोलपत्र दर्ता गर्दा बोलपत्र वालाले आफुले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता ( हि.न. ४१७०१००३०३००००२ ) मा जम्मा गरेको भौचर वा सो रकम बराबर को १२० दिन म्याद भएको "क" वर्ग को बाणिज्य बैंकहरूको बैंक जमानत पत्र (विडवण्ड) पेश गर्नुपर्ने छ । बोलपत्रमा समावेश हुनका लागि अनलाईन www.bolpatra.gov.np/egp बाट सहभागी हुनु पर्नेछ ।

८. बोलपत्रदाताले कबोल गरेको ठेक्का अंक बराबरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अबधिसम्मको लागि जारी गरिएको परफरमेन्स बण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ ।

९. ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाकी किस्ताको रकम दुई किस्तामा (दोश्रो किस्ता फाल्गुन मसान्त र तेश्रो किस्ता जेष्ठ मसान्त भित्र) बुझाउन पर्नेछ ।

१०. बोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ साथै म्याद नाघी आएको बोलपत्र माथि कुनै कारवाही हुने छैन ।

११. कुनै पनि अवस्थामा कर छुटको लागि हक दाबी गर्न पाईने छैन । संकलन गर्ने करको दर रेट यस कार्यालयको आर्थिक ऐन अनुसार हुनेछ । बोलपत्रदाताले खामको बाहिरपट्टि ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## सुदूरपश्चिमम प्रदेश, नेपाल

प.स. : ०८०/०८१

च.न. :

१२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

१३. यस सूचनामा उल्लेखित नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ ।

१४. यस कार्यालयको महालेखा परिक्षकको प्रतिबेदनमा बेरूजु उल्लेख भएका फर्म वा कम्पनीहरूले यस सूचना अनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागि भ्याट समायोजन गरेको सम्बन्धित अन्तरिक राजश्व कार्यालयको पत्र पेश गरेपछि मात्र योग्य हुनेछन् । यस व्यहोरा अनुसार सम्बन्धि फर्म वा कम्पनीले आफ्नो बेरूजु बिबरण यस कार्यालयको लेखा-शाखामा रहेको महालेखा परिक्षकको प्रतिबेदनबाट हेर्न समेत सुचित गरिन्छ ।

१५. यो सूचना धनगढी उ.म.न.पा.को वेभसाइट dhangadhimun.gov.np वा bolpatra.gov.np/egp बाट समेत हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत